जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ३७ पृष्ठः ४ | २०८३ जेठ १३ बुधबार (Wednesday 27 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## अनुमति नलिई सामुदायिक वन क्षेत्रमा वालुवागिट्टी भण्डारण र उत्खनन, सम्वन्धित निकाय मौन



सिरहा, १२ जेठ। सिरहाको गोलबजार नगरपालिका १ का बासिन्दाले खोलाबाट ग्रोभेल निकाल्ने नाममा सामुदायिक वन क्षेत्रबाट उत्खनन र अनुमतिविना भण्डारण गरेका ग्राभेल उठाउन रोक लगाएका छन्। त्रिनेत्र सामुदायीक वन उपभोक्ता समितिको अनुमति विना ग्राभेल भण्डारन र उत्खनन गरेको भन्दै भण्डारण गरिएको गिट्टीवालुवा उठाउन रोक लगाएको हो।

वन समितिले पटक–पटक भण्डारण नगर्न अनुरोध गर्दा पनि ठेकेदारले जवरस्ती भण्डारण गर्दै आएका थिए। समितिका पदाधिकारीले भनेको नसुनेपछि पछि आईतबार विहान गाउँले नै उल्टेर भण्डारण गर्न र भण्डारण गरिएको गिट्टी वालुवा उठाउन रोक लगाएको छ। गोलबजार नगरपालिकाले वडा नम्वर १ र २ भएर बग्ने गागान खोला तिरुपति कन्ट्रक्सनलाई करिव ७१ लखमा वालुवागिट्टी निकाल्ने ठेक्का दिएको छ। ठेकेदार कम्पनीले खोलाबाट निकालेर व्यक्तिको जनिनमा भण्डारण गर्ने अनुमति लिएपनि उनले सजिलोको लागि सामुदायिक वनक्षेत्रमा भण्डारण गरिरहेको छ।

ठेकेदारले पनि यो कुरा स्वीकार गरेका छन्। कम्पनीले आफूहरुलाई सजिलो पर्ने भएकाले राखिएको बताए। अनुमति लिएको विषयमा भने उनले बताउन चाहेनन्। समितिकाहरुले पटक–पटक आएर वनक्षेत्रमा बालुवा गिट्टी भण्डारण नगर्न अनुरोध गरेपनि ठेकेदारले वेवास्ता गरेको स्थानीय महेन्द्र पूर्वेले बताए। उनले भने, 'हामीले समितिलाई भन्यौं, समितिकाहरु आएर पटक–पटक नराख्न अनुरोध गर्दा पनि टेरेनन्, त्यसैले आज हामीले रोक लगाएका हौं।'

हामीले रोकेर वन र स्थानीय प्रशासनलाई बोलाउँदै गर्दा यहाँ जम्माभएका ट्याक्टर र ट्रकहरु लिएर भागेको पूर्वेले बताए। 'पहिला हामीलाई थोरै राखेका होलान भन्ने लागेको थियो, आज यहाँ आएर हेर्दा त वनै ढाक्नेगरी गिट्टी वालुवा राखेको र वनक्षेत्रमासमेत उत्खनन गरेकाले रहेछन्', पूर्वेले भने। अर्का स्थानीय सजन पूर्वेले अनुमति विना भण्डारण गरेको बताए। उनले वन समितिलाई यसविषयमा कुनै जानकारी नभएकाले नै आफूहरु रोक्न आएको बताए। उत्खननका क्रममा बन बुट्यानहरु मासिएको समेतमासिएका छ। वनभरी बालुवा–गिट्टी भण्डारण गरेकाले चरिचरण मासिएको पनि स्थानीय उपभोक्ताले गुनासो गरे।

**–बाँकी दुई पेजमा**

## हुरीले घर भत्किँदा महिलाको मृत्यु

रौतहट, १२ जेठ। रौतहटमा सोमबार साँझ आएको हुरीले भत्केको घरले थिचिँदा एक महिलाको ज्यान गएको छ। रौतहटको वृन्दावन नगरपालिका–७ धमौराटोलका ३५ वर्षीया फूलकुमारी देवीको हुरीले भत्केको घरले थिचिँदा मृत्यु भएको हो। फूलकुमारीको उपचारको क्रममा राति रौतहटको गरुडास्थित बेटर नेपाल अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी रोहितकुमार शर्मा बढईले जानकारी दिनुभएको छ।


हुरीले रायको घरको टायलको छानो र बासको बार भएको एकतले कच्ची घर भत्किँदा फूलकुमारीको मृत्यु भएको उहाँले जानकारी दिनुभयो। यसैबीच, जिल्ला प्रहरी कार्यालयले सोमबार विभिन्न मुद्दामा फरार रहेका १० व्यक्तिलाई पक्राउ गरेको छ।

## किसानले क्षेत्रफलका आधारमा रासायनिक मल पाउने



काठमाडौं, १२ जेठ। कृषि, वन तथा पर्यावरण मन्त्रालयले किसानलाई क्षेत्रफलका आधारमा रासायनिक मल वितरण गर्ने भएको छ। मन्त्रालयले धान खेती गर्ने किसानलाई रासायनिक मल अभाव हुन नदिन उनीहरूको खेती गर्ने जमिनको क्षेत्रफल तथा उत्पादनको अनुपातमा मल उपलब्ध गराउन लागेको हो।

झन्डै १ लाख ४५ हजार मेट्रिकटन रासायनिक मल मौज्दात रहेको र धान खेतीलाई लक्षित ४० हजार मेट्रिकटन मल छिट्टै आयात गरिने प्रकृया अघि बढाइएको मन्त्रालयका सूचना अधिकारी लालकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार सडक मार्ग भएर ४ हजार ५ सय ८५ मेट्रिकटन मल आउने क्रममा रहेको छ। सरकारले चालू आर्थिक वर्षमा ६ लाख मेट्रिकटन मल ल्याउने लक्ष्य राखेको त्यसका लागि २८ अर्ब ८२ करोड १४ लाख रूपैयाँ विनियोजन गरेको सूचना अधिकारी श्रेष्ठले जानकारी दिनुभयो।




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

हिंसा होइन, अधिकार, मायाले बनाउछ संसार।
हात नउठाउ साथ देऊ, प्रेमको सन्देशको फैलाऊ।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम

**बिल-बिजकको प्रयोग अनिवार्य गरौं।**

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल–बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## दुर्गा प्रसाईंलाई साधारण तारेखमा छाड्न आदेश

वीरगञ्ज, १२ जेठ। राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति र नागरिक बचाउ महाभियानका संयोजक दुर्गा प्रसाईंलाई पर्सा जिल्ला अदालतले साधारण तारेखमा छाड्न आदेश दिएको छ। मंगलबार न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले

**–बाँकी अन्तिम पेजमा**

# सम्पादकीय

## कहिले रोकिन्छ ओरालो लाग्दा रमाउने प्रवृत्ति ?

वास्तविक सुशासन त नेपालमा सम्भवतः कहिल्यै थिएन। सबैजसो शासकहरूले तजबिजमा शासन चलाउँदै अएका थिए। तर, विसं २०४६ पछि कम्तीमा शासकहरूमाथि प्रश्न उठ्न थालेको थियो। आवधिक निर्वाचनका कारण शासकहरू देखावटी नै भए पनि जनताप्रति उत्तरदायी देखिएका थिए। जनताको अपेक्षा र राजनीतिक नेतृत्वको प्रस्तुतिका बीचमा रहेको खाडल एवं संवादहीनताले नागरिकहरूमा असन्तुष्टि बढ्दै जाँदा पनि शासकवर्गले बुझ्ने र सम्बोधन गर्ने प्रयास गरेन। यही पृष्ठभूमिमा जेन–जी पुस्ताका युवाका नाममा भएको आन्दोलनबाट अकल्पनीय विध्वंस र परिवर्तन भयो।

विद्रोह लोकतान्त्रिक गणतन्त्र विरुद्ध नभएकैले होला नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन र संविधान भने कायमै रह्यो। अन्तरिम सरकारले शान्तिसुरक्षा कायम गरायो र प्रतिनिधि सभाको निर्वाचन भयो। विद्यमान निर्वाचन प्रणालीमा सामान्यतः असम्भव ठानिएको बहुमत राष्ट्रिय स्वतन्त्र पार्टी ९रास्वपा०ले सहजै पायो। जनताले सुशासन र विकासको रास्वपाका अपेक्षाकृत युवा नेताहरूको आश्वासनमा विश्वास गरेका थिए। उनीहरूलाई लागेको थियो राजनीतिलाई पेसा बनाएर सत्ताको खेलमा मात्र रमाउने पात्रहरूबाट मुक्ति पाएपछि तिनको विरोध गरेर आएकाहरूले त पक्कै पुरानो शैली दोहोऱ्याउने छैनन्।

जननिर्वाचित भए पनि २०४६ पछिका अधिकांश शासकले आफूलाई राजाजस्तै सर्वेसर्वा र कसैप्रति उत्तरदायी हुनुनपर्ने ठान्थे। सम्भवतः यही कारणले उनीहरूले पहिलेकै विकृतिहरू दोहोऱ्याइरहे। कतिसम्म भने सशस्त्र संघर्ष गरेर स्थापित भएका माओवादीहरूलाई समेत मात लाग्न बेरै लागेन। नेपाली कांग्रेस, नेकपा ९एमाले० र माओवादीहरू उत्थान र पतन देखेका र त्यसैको लाभांश पाएका रास्वपाका नेताहरू र तिनले चलाउने शासन त पक्कै फरक हुनेछ भन्ने अपेक्षा धेरै जनताले गरेका थिए। तर, शासन सुरु गर्नेबित्तिकै नयाँ सरकारले पनि जनतालाई निराश नै बनाएको देखियो। लोकतन्त्रका आधारभूत मान्यताको उपेक्षा र मानवीय संवेदनाको अभावका कारण नयाँ सरकारप्रति जनताका आशा निराशामा परिणत भएको हो। यस्तै, न्यायपालिकामा भएको हस्तक्षेप र संसद्लाई नगन्ने प्रधानमन्त्री बालेन्द्र शाहको व्यवहारले लोकतन्त्रकै उपहास भएको देखिएको छ। यही सघनतामा नभए पनि विगतमा यस्ता विकृति नदेखिएको भने होइन। तर, त्यतिबेला अँध्यारो सुरुङको पल्लो छेउमा पिलपिले उज्यालो देखिएजस्तै प्रधानमन्त्रीकै दलका नेताले खबरदारी र विद्रोह गर्थे। रास्वपाका युवा नेतामा भने अचम्मको निरीहता देखिएको छ।

सायद लोकतन्त्रका लागि संघर्ष गरेकाले होला पुराना पात्रहरू आफ्नै नेताका पनि अनुत्तरदायी एवं अलोकतान्त्रिक प्रवृत्तिको विरोध गर्थे। कतिपटक त यस्तै आफ्नै पार्टीभित्रको विरोधका कारण नेताहरूले सत्ता छाड्नु परेको थियो। अहिले त प्रधानमन्त्रीले संसद्को अवज्ञा गर्दा वा संवैधानिक परिषद्बाट तजबिजी निर्णय गर्दासमेत कतिले मुखर र कतिले मौन सम्मति जनाइरहेका छन्। नेपालको छोटो लोकतान्त्रिक इतिहासमा समेत यस्तो निराशाको घडी धेरैपटक दोहोरिएको छ। यसैले प्रधानमन्त्री शाहलगायत रास्वपाका नेताहरूले लोकतन्त्रको मर्यादा राख्ने र जनताप्रति उत्तरदायी हुने आशा मारिहाल्नु पर्दैन। सरकारले लोकतान्त्रिक र उत्तरदायी शासनको मर्यादा राखे सुशासनको बाटो धेरै सहज हुनेछ।

नेपालीहरूको नियति त स्यामुयल बेकेटको नाटक 'वेटिङ फर गोडो'का पात्रहरूको जस्तो छँदैछ। गोडो पात्र कहिल्यै देखिँदैन तर अरू पात्र थाहै नपाए पनि पर्खिरहन्छन्। कवि गोपालप्रसाद रिमालले 'आमाको सपना' कवितामा "तर त्यो तिमी नै हौला भन्ने मेरो यौवनभरिको सपना थियो !" भनेजस्तै ताबाबाट उम्केर भुङ्ग्रोमा पर्नु नियति नबनोस् भनेर त आशा गरिरहौँ। संस्थाहरू बनाउन धेरै समय, श्रम र साधन लाग्छ तर भताभुङ्ग पार्न बेरै लाग्दैन। अहिले सत्तामा पुगेकाहरूले बनेका संस्थाहरूमा विकृति बढाएर भताभुङ्ग पार्नुको साटो थप पारदर्शी, उत्तरदायी र जिम्मेवार बनाउन ध्यान केन्द्रित गर्नु उचित हुनेछ। शक्ति पृथकीकरण र विधिको शासनको मर्यादामात्र जोगाइदिएको भए पनि जनताले यति धेरै निराश हुनुपर्ने थिएन। अहिले हामी ओरालो लागिरहेका छौँ। रमाउन छाडौँ।

# गणतन्त्रात्मक शासन प्रणाली र निजामती सेवा

**श्यामप्रसाद मैनाली**

लोकतान्त्रिक अधिकारहरूको पूर्ण उपभोग गर्न नागरिकहरू बढी आकर्षित हुन्छन्। राजनीतिक प्रणालीको विकासक्रम अध्ययन गर्दा निरङ्कुश राजतन्त्रले नै विश्वका प्रायः सबै देशहरूमा प्रारम्भका दिनहरूमा एकछत्र शासन गरेको अवस्था थियो। तत्पश्चात् नागरिकहरूले लोकतान्त्रिक अधिकारहरू क्रमशः प्राप्त गर्दै गएको अवस्था हो।

आधुनिक समाजको आकर्षण लोकतन्त्रप्रति छ। जनताको सर्वोच्चतालाई स्वीकार गर्दै शासन प्रणालीमा समयसापेक्ष परिवर्तन हुँदै आएको छ। सार्वभौम जनता नै सबै प्रकारका शक्तिको स्रोत हुन्छन्। गणतान्त्रिक शासन प्रणालीले यथार्थमा लोकतन्त्रको संरचनागत विकास गर्न सक्दछ। आमनागरिकहरूको शासन प्रणालीमा प्रत्यक्ष सहभागिताको सुनिश्चित गणतान्त्रिक शासन प्रणालीले गर्दछ, गर्नु पनि पर्दछ। एक व्यक्तिमा निहीत रहेको शासन र जनताको सहमति र निर्णयको परीक्षण नै नगरी वंशानुगत शासन प्रणाली राजतन्त्रमा सुदृढ भएको हुन्छ।

राजतन्त्रात्मक शासन प्रणालीमा नागरिकहरूले शासनलाई मार्गदर्शन प्रदान गर्न सक्दैनन्। गणतन्त्रमा शासकहरूको प्रत्यक्ष जवाफदेहिता नागरिकप्रति रहन्छ। शासन प्रणाली जनताबाट निर्देशित हुने भएकाले गणतन्त्रमा उत्तरदायी शासन व्यवस्थाको सञ्चालन सम्भव भएको हो। त्यसैले लोकतन्त्रबाट अत्याधिक प्रतिफल र उपलब्धि हासिल गर्न नागरिकहरू गणतान्त्रिक शासन प्रणालीप्रति गोलबद्ध हुन पुग्दछन्। यस अर्थमा गणतन्त्र नागरिकहरूको जीवनरेखा नै मानिएको छ।

वंशानुगत शासन प्रणालीलाई विस्थापित गर्ने क्रममा जनप्रतिनिधिद्वारा सर्वोच्च पदमा आसिन गराई आफ्नै प्रतिनिधिमार्फत शासित हुने व्यवस्था नै गणतन्त्र हो। सबै नागरिकहरूलाई समान अधिकारहरूको प्रत्याभूति गणतन्त्रले गर्दछ। यसमा नागरिकहरूको आत्मसम्मान, प्रतिष्ठा, सहभागितालाई सर्वोपरि प्राथमिकतामा राखिन्छ। शासन प्रणाली वंशानुगत रूपमा सञ्चालन भई एक व्यक्तिले समग्र राष्ट्रलाई नै आफ्नै इच्छाअनुसार सञ्चालन गर्ने शासकीय प्रक्रियाबाट उन्मुक्ति प्राप्त गर्न गणतन्त्रबाट मात्र सम्भव हुन्छ। लोकतन्त्रको सिद्धान्त, मूल्य, मान्यतालाई व्यवहारमा परिणत गरी सच्चा लोकतन्त्रको अनुभूति गराउने व्यवस्थाको अर्को नाम गणतन्त्र हो। वंशानुगत शासन प्रणालीमा आम नागरिकहरूको आवाज कुण्ठित हुन सक्दछ।

गणतन्त्रमा संविधान नै शासन सञ्चालनको मूल आधार हुन्छ। सबै नागरिकहरूले आफ्ना मौलिक हकहरूको उपभोग निर्वाधरुपमा गर्न सक्दछन्। शासन प्रणालीमा नागरिकहरूले स्वामित्व ग्रहण गर्ने वातावरण तयार हुन्छ। राज्य र जनताका बीचको सम्बन्ध अत्यन्त सौहार्दपूर्ण हुन्छ। सबै वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरिएको हुन्छ। नेपाल बहुजातीय, बहुसांस्कृतिक देश भएकाले विविधताका बीच एकताका पक्षमा शासन केन्द्रित गर्न पनि गणतन्त्र जरुरी हुन्छ। आफ्ना आवश्यकताहरूको पहिचानगरी सोही अनुसारका नीति निर्माण गर्न, योजना बनाउन र कार्यक्रम तयार गर्ने सम्बन्धमा योगदान दिन नागरिकहरू गणतन्त्रिक लोकतन्त्रमा मात्र सक्षम हुन्छन्।

नेपालमा लामो लोकतान्त्रिक सङ्घर्षपश्चात् २०६५ जेठ १५ गते गणतन्त्र प्राप्त भएको हो। यस दिनलाई हर्षोल्लासका साथ राष्ट्रिय पर्वकै रूपमा मनाइन्छ। नेपालमा यो उत्कृष्ट लोकतान्त्रिक शासन प्रणाली प्राप्त गर्नका लागि धेरै लामो समयदेखि नेपाली नागरिकहरू सङ्घर्षशील रहेका हुन्। लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा धेरै सपुतहरूले आफूलाई बलिवेदीमा चढाइ लोकतन्त्रको प्रतिफल नेपालीहरूलाई प्रदान गर्न सफल भएका हुन्। यो राजनीतिक उपलब्धि प्राप्त गर्नका लागि नागरिक समाज, राजनीतिक दलहरू हुँदै सचेत नेपाली नागरिकहरूको ऐक्यबद्धताले निरन्तरता दिँदा सम्भव बनाएको हो। नेपालको राजनीतिक घटनाक्रमहरूको सिंहावलोकन गर्नुपर्दा २००४ सालदेखि २०१५, २०१९, २०३६ र २०६३ सालसम्मको नागरिकहरूको भगिरथ प्रयासलाई स्मरण गर्नुपर्दछ। राजनीतिक दलहरूको एक दलले सन् १९८६ देखि २००६ सम्म देशमा ठूलो द्वन्द्व र आतङ्कको अवस्था सिर्जना गरेको यथार्थता हामीहरूको स्मरणमा छ।

जुनसुकै बादलमा पनि चाँदीको घेरा हुन्छ भनेजस्तै एउटा महत्वपूर्ण गन्तव्यका रुपमा देशलाई लोकतान्त्रिक गणतन्त्रमा परिणत गर्ने दृढता त्यसबखतका द्वन्द्वरत पक्षहरूमा देखिएको थियो। नेपालको २४० वर्ष पुरानो निरंकुश राजतन्त्रात्मक शासन प्रणालीलाई परिवर्तन गरेर गरिबीको अवस्था र अन्यायपूर्ण शासन प्रणालीबाट उन्मुक्ति खोज्ने निरन्तर प्रयास नेपाली नागरिकहरूले गरेका हुन्। राजतन्त्रात्मक शासन प्रणालीलाई विश्वमै क्रमशः अस्वीकार्य शासनका रुपमा लिँदै गरेको पाउँदाका कारण पनि नेपाली नागरिकहरू संघर्षरत रहेका हुन्। यिनै प्रयासहरूको परिणाम नेपालीहरूले २०६५ सालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली प्राप्त गरेका हुन्।

### गणतन्त्रको उपादेयता

नेपाली नागरिकहरू २४० वर्षसम्मको निर्वाध रुपमा अभिव्यक्तिको स्वतन्त्रताको उपभोग गर्न नपाएको तिक्तता र आक्रोशका कारण गणतन्त्रप्रति आकर्षित हुँदैगएका थिए। राजतन्त्रात्मक शासन प्रणालीका शासकहरूका विरुद्ध आन्दोलन गर्न सक्ने हैसियतमा नागरिकहरू प्रारम्भका समयमा थिएनन्। विश्व परिवेशमा आएको परिवर्तनका कारण नेपालीहरू पनि सचेत हुँदै गएका हुन्। गणतन्त्र प्राप्त भएपश्चात् जनताले आमनिर्वाचनबाट आफ्ना प्रतिनिधिहरू निर्वाचित गरी लोकतान्त्रिक शासनमार्फत शासित हुने सौभाग्य प्राप्त गरेका छन्। यो स्वतन्त्रतासम्बन्धी अधिकारको प्रयोग गर्न पाएकै कारण गणतन्त्रको उपादेयता देखिएको हो। देशका दूरदराजदेखि उन्नत सहरी क्षेत्रमा बसोबास गरी आएका सम्पूर्ण नागरिकमा विविधताका बीच लोकतान्त्रिक अधिकारको सदुपयोग गर्दै राष्ट्र, राष्ट्रियता र लोकतन्त्रको पक्षमा एकताबद्ध हुने वातावरण गणतन्त्रले बनाइदिएको हो।

खासगरी नेपाली युवाहरूमा राजनीतिक चेतना र जागरण ल्याउन यस प्रणालीबाट सम्भव हुन्छ। प्रतिवर्ष मनाइने गणतन्त्र दिवसले यसका लागि उपयुक्त मञ्च तयार पारिदिन्छ। विशेषगरी युवाहरूले राजनीतिक चिन्तन, मनन एवं विश्लेषण गर्ने गराउने अवसर प्राप्त गर्दछन्। राजनीतिक इतिहास, लोकतान्त्रिक शासन प्रक्रिया, नागरिकहरूको राष्ट्रप्रतिको कर्तव्य जस्ता महत्त्वपूर्ण विषयहरूमा सुसुचित हुने अवसर यस्ता राष्ट्रिय पर्वबाट युवाहरूले प्राप्त गर्दछन्। अग्रजहरूले गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि गरेका सङ्घर्ष र योगदानको बारेमा जानकारी प्राप्त गर्दछन्। लोकतान्त्रिक गणतन्त्रको उपादेयता र महत्त्वको बारेमा सुसुचित हुने अवस्था बन्दछ। मताधिकारको प्रयोग गर्दै निर्वाचित प्रतिनिधिहरूलाई आम नागरिकहरूप्रति जवाफदेही बनाउने प्रण गर्ने दिनका रुपमा गणतन्त्र दिवसलाई लिइन्छ। संविधानमा रहेका लोकतान्त्रिक प्रावधानहरूको व्यवहारमा उपयोग गर्नका लागि आफ्ना प्रतिनिधिहरूलाई निर्देशित गर्ने हैसियत नागरिकहरूले प्राप्त गर्दछन्। जनप्रतिनिधिहरू समेत आफ्ना मतदाताहरूबाट प्राप्त मार्गदर्शन र निर्देशनका आधारमा लोकतान्त्रिक प्रणालीलाई आत्मसाथ गर्दै अघि बढ्ने प्रक्रियामा अभ्यस्त हुन्छन्। न्याय र स्वच्छ व्यवहारको प्राप्ति गणतान्त्रिक लोकतन्त्रमै हुन्छ। नागरिकहरूले सम्मान पाउने व्यवस्था पनि यही हो। भयरहित वातावरणमा जीवन निर्वाह गर्न लोकतान्त्रिक सिद्धान्त मूल्य र मान्यतामा अडिग रहन यस प्रणालीले मार्गप्रशस्त गर्दछ।

गणतन्त्रत्मक लोकतान्त्रिक शासन प्रणाली सर्वोत्कृष्ट लोकतान्त्रिक प्रणाली भएकाले नेपालमा गणतन्त्र प्राप्ति भएकोमा विश्वका प्रायः सबै लोकतान्त्रिक देशहरूले नेपालको यस उपलब्धिलाई समर्थन गरेका छन्। नेपाली जनताको इच्छा र आकांक्षाका कारण नेपालमा गणतन्त्र प्राप्त भएकाले यस्तो शासन प्रणाली स्थापना भएको अवसरलाई संयुक्त राष्ट्रसङ्घले समर्थन र स्वागत गरेको छ। विश्वभर नै आफ्नो पहिचान लोकतान्त्रिक गणतन्त्रात्मक देशका नाताले बनाउन सफल भएकै कारण अन्तरराष्ट्रियस्तरमा नेपालको स्वीकार्यता बढ्दै गएको छ। दुईपक्षीय र बहुपक्षीय सम्बन्धहरू समेतमा विस्तार हुँदै आएको छ। यो गणतान्त्रिक लोकतान्त्रिक शासन प्रणाली कै कारण सम्भव भएको हो।

### गणतन्त्रमा निजामती सेवाः

गणतान्त्रिक व्यवस्थामा जनता सदैव शासन सत्ताको केन्द्रमा रहन्छन्। जनताको चाहना, इच्छा र आवश्यकताको पहिचान गर्दै नागरिकहरूको पूर्ण सम्मानका साथ शासन सञ्चालन यस प्रणालीमा गरिन्छ। यस्तो लोकतान्त्रिक शासन स्थायी संयन्त्र वा स्थायी सरकारको रुपमा अस्तित्वमा रहेको हुन्छ। यस महत्वपूर्ण संयन्त्रलाई प्रभावकारी रुपमा परिचालन गर्न सक्दा मात्र जनता समक्ष लोकतान्त्रिक सरकारले विश्वास आर्जन गर्न सक्दछ। सक्षम निष्पक्ष र उत्तरदायी निजामती प्रशासन लोकतान्त्रिक गणतन्त्रमा अपरिहार्य मानिन्छ। राष्ट्रसेवक निजामती कर्मचारीहरूले प्राप्त गर्ने अधिकारहरू लगायतका सुरक्षाको व्यवस्था गर्न गणतान्त्रिक सरकारसक्षम हुनुपर्दछ। यस परिस्थितिमा मात्र निजामती सेवाबाट अपेक्षित उपलब्धिहरू प्राप्त हुन सक्छन्।

निजामती सेवाका राष्ट्रसेवकहरूबाट नागरिकहरूले सरल तरिकाले पारदर्शिताका आधारमा गुणस्तरीय प्रभावकारी सेवा उपलब्ध हुनुपर्ने अपेक्षा गरिराखेका हुन्छन्। यस प्रकारको व्यवस्थामा जनता नै वास्तवमा मालिक हुने भएकाले निजामती संयन्त्र सेवाग्राही जनताप्रति उत्तरदायी र जवाफदेही बन्नुपर्दछ। कानुनी शासनका आधारमा प्रशासन सञ्चालन हुनुपर्दछ। भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्नमा निजामती संयन्त्र प्रभावकारी सिद्ध हुनुपर्छ। यस प्रकारको प्रभाव नागरिकहरूमा पर्दा मात्र राज्यप्रति आम नागरिकहरूले विश्वास प्रकट गर्दै स्वामित्व ग्रहण गर्दछन्। विकास र समृद्धिका संवाहकहरू पनि निजामती कर्मचारीहरू बन्न सक्नु पर्दछ। नीति निर्माताहरूलाई यस सेवाका नेतृत्व तहमा रहनेहरूले आफ्नो क्षमता र योग्यताको आधारमा इमान्दारितापूर्वक सहयोग गर्नु पर्दछ। सरकारका नीति योजना तथा कार्यक्रमहरू तर्जुमाको अवस्थामा विशेषज्ञको रुपमा सहयोग पुऱ्याई कार्यान्वयन चरणमा प्रत्यक्ष संलग्नता यस्ता संयन्त्रबाट राज्यले अपेक्षा गरिराखेको हुन्छ।

देशका सबै प्रकारका जात, जाति, वर्ग, भाषा, क्षेत्र, समुदायको राज्यका क्रियाकलापहरूमा समान र अर्थपूर्ण सहभागिता प्रदर्शन गराउन संयन्त्र सफल हुनुपर्दछ। सामाजिक न्याय र समावेशताको गन्तव्य प्राप्तगर्न क्रियाशीलता दिन सक्नुपर्दछ। संविधान लगायतका देशका कानुनहरूको निष्पक्ष र प्रभावकारी कार्यान्वयन गर्दै नागरिक अधिकारको

–बाँकी तीन पेजमा

## अनुमति नलिई ...

यता वन कार्यालयले वन क्षेत्रभित्र अनुमतिविना कुनैपनि सामान भण्डारण गर्न नपाइने बताए। डिभिजन वन कार्यालय लहानका डिभिजनल वन अधिकृत वेचन शर्माले वन समितिसँग पनि अनुमति नलिएकोले कसले कसरी त्यतिधेरै सामाग्री भण्डारण गरेको हो? त्यसविषयमा हामी तत्काल पत्र काटेरै बुझ्छौं, र आवश्यक परे कार्वाही प्रकृयापनि अगाडी बढाउँछौं भने। तर, सोमबार दिनभरी भण्डारण गरिएको बालुवागिट्टी ओसार्दासमेत वन कार्यालयले कुनै चासो नदेखाएको एक स्थानीयले बताए।

अनियन्त्रित उत्खनन् हुँदा पनि जनप्रतिनिधी केही नभएजसरी बस्नुले उनीहरुको मिलमत्तो भएको स्थानीयको आरोप छ। उनीहरुले जथाभावी उत्खनन् गरेको जानकारी गराउँदा पनि जनप्रतिनिधीले चासो नदिएको स्थानीयको भनाई छ।

### गणतन्त्रात्मक शासन...

संरक्षण व्यवहारिक रुपमा नै गर्न इमान्दारितापूर्वक कार्य सम्पादन हुनु पर्दछ। नागरिकहरूको सहभागिताको गुणस्तरीय र अर्थपूर्ण प्रवर्द्धनको वातावरण तयार हुनु अत्यावश्यक मानिन्छ। नागरिकहरूका बीचको सद्भाव कायम गर्दै राष्ट्रिय एकताका पक्षमा सकारात्मक परिणामका लागि निजामती कर्मचारीहरूको इमान्दार प्रयास हुनुपर्दछ। यस परिस्थितिमा मात्र गणतान्त्रिक व्यवस्थाको प्रवर्द्धनको महसुस आम नागरिकहरूले गर्न सक्छन्।

निजामती कर्मचारी संयन्त्रलाई सरकारले उनीहरूको मनोबल उच्च बनाई सक्षमताको विकास गर्नुपर्दछ। यसका लागि राष्ट्रसेवक कर्मचारीहरूले राज्यबाट प्राप्त गर्ने अधिकारहरू लोकतान्त्रिक गणतन्त्रले सबै प्रकारका संवैधानिक कानुनी तथा पेसागत अधिकारहरू प्रदान गरी पूर्णरुपमा सुरक्षा प्रदान गर्नु पर्दछ। यी अधिकारहरूमा योग्यताका आधारमा सबै नेपालीहरूलाई निजामती सेवामा प्रवेशगर्ने समान अवसर प्राप्तगर्ने प्रावधान र इमान्दारिताका साथ व्यवहारमा परिणत गरिदिनुपर्दछ। कुनै पनि आधारमा भेदभाव गरिनु हुँदैन। संरचनामा सेवाको सुरक्षाको प्रत्याभूति गरिँदा राजनीतिक उथलपुथलको परिणामका कारण उनीहरूको सेवा सम्बन्धी सुरक्षामा कुनै पनि प्रकारको चुनौतीको अवस्था बन्न दिनुहुँदैन। वृत्ति विकासका लागि न्यायोचित निष्पक्ष अवसर प्रदान गर्नु जरुरी हुन्छ। यसबाट सुयोग्य र दक्ष जनशक्तिको विकास सम्भव हुन्छ। पेसागत हकहितका प्रवर्द्धन गर्नका लागि सरकार सदैव तत्पर रहनुपर्दछ। तर यो अधिकारका नाममा दलीय प्रभाव निजामती सेवामा ग्राह्य हुँदैन। कार्य वातावरणको सुरक्षा प्रदान गरी सम्मानपूर्वक आफ्ना कर्तव्यप्रति गम्भीर बन्न संयन्त्रलाई मार्गप्रशस्त हुनु पर्दछ, गर्नुपर्दछ। पेसाप्रतिको मर्यादा कर्तव्यपालनका सन्दर्भमा गरिने न्यायोचित व्यवस्थाका साथै यही प्रकारका नागरिकहरूका हक अधिकारहरूले निजामती संयन्त्र सुसज्जित हुँदा मात्र यो संयन्त्रले उच्च मनोबलका साथ कर्तव्य निर्वाह गर्न सक्दछ। निजामती राष्ट्रसेवकका अधिकारहरू र उनीहरूले सम्पादन गर्ने कर्तव्यहरूका आधारमा सौहार्दपूर्ण अवस्था निर्माण गर्नसक्ने सक्षम निजामती संयन्त्रले गतिशीलता प्रदान गर्दै लोकतान्त्रिक गणतन्त्रप्रति आस्था राख्ने नागरिकहरूको वृद्धि हुँदै र गणतन्त्रलाई सम्मानित र स्वीकार्य बनाउन यो संयन्त्रले कोशेढुङ्गाका रुपमा भूमिका निर्वाह गर्न सक्नु पर्दछ।

लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली भएका देशहरूमध्ये कार्यकारणी अधिकारसहितको राष्ट्रपति र कार्यकारणी अधिकार प्रधानमन्त्रीमा रही आलङ्कारिक वा संवैधानिक राष्ट्रपति भएका देशहरूमध्ये कुन कुन देशमा यो गणतान्त्रिक प्रणाली बढी सफलभएको देखिन्छ ? यसको अध्ययन र विश्लेषण गर्दा स्वतन्त्र निर्वाचन, कानुनी शासन, प्रेस स्वतन्त्रता, भ्रष्टाचारको स्तर, नागरिक अधिकार, सत्ता हस्तान्तरणको स्थायित्व आदिलाई सूचकका रुपमा लिई अनुसन्धानहरू गरिएका छन्। यी सूचकहरूका आधारमा अध्ययन अनुसन्धान गर्ने 'इकनमिक इन्टिलीजेन्स युनिट', 'डेमोक्रेटिक इन्डेक्स', 'फ्रिडम हाउस', 'ट्रान्सपरेन्सी इन्टरनेसनल' आदिको नाम अग्रपंक्तिमा आउँछन्। यी संस्थाहरूको अध्ययनको निष्कर्षको विश्लेषण गर्दा अर्ध राष्ट्रपतीय प्रणाली अवलम्बन गरेको देश फिनल्यान्ड सफल देखिएको छ। प्रत्यक्ष रूपमा नै सङ्घीय लोकतान्त्रिक शासन प्रणाली भएको देश स्विजरल्याण्ड पनि सफल छ। संसदीय गणतन्त्र भएका देशहरू जर्मनी, आयरल्याण्ड र अस्ट्रियाले पनि सुशासन प्रदान गर्न सफल भूमिका निर्वाह गरिराखेका छन्।

कार्यकारी राष्ट्रपति भएको देश संयुक्त राज्य अमेरिकाले विश्वमै लोकतान्त्रिक शासन प्रणालीको नेतृत्वदायी भूमिका निर्वाह गरिराखेको छ। दक्षिण कोरियाले पनि राष्ट्रपतीय प्रणाली अवलम्बन गर्दै पाँच दशकको अवधिमा आफ्नो आर्थिक तरक्की अत्यन्त द्रुतगतिमा गरी जापानसँग प्रतिस्पर्धा गरिराखेको छ।

संसदीय प्रणाली अवलम्बन गरिएका देशहरूमा लोकतन्त्रको स्थायित्व अत्याधिक भएको पाइन्छ। अधिकांश गणतन्त्र भएका देशहरूले राष्ट्रपतिलाई आलङ्कारिक बनाई नागरिकप्रति प्रत्यक्ष रुपमा जवाफदेहीता प्रदान गर्ने प्रधानमन्त्रीको व्यवस्था गरेका छन्। नेपालको व्यवस्था पनि संसदीय गणतन्त्रात्मक नै हो। यो प्रणाली सबैभन्दा बढीसफल विश्व परिवेशमा देखिँदै गएको छ।

**निष्कर्ष:**

लामो सङ्घर्ष, जनआन्दोलन र बलिदानपछि नेपाली जनताले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका हुन्। यसले नेपाली जनतालाई सार्वभौम सत्ताको वास्तविक अनुभूति गराएको छ। यद्यपि गणतन्त्रको सफलताको लागि केवल व्यवस्था परिवर्तन मात्र पर्याप्त हुँदैन। राजनीतिक स्थिरता सुशासन कानुनी शासन र नागरिक सचेतना पनि उत्तिकै आवश्यक हुन्छ। गणतन्त्रलाई प्रभावकारी बनाउन राजनीतिक दल नागरिक समाज र आमजनताले समान रुपमा जिम्मेवारी निर्वाह गर्नुपर्दछ।

अन्त्यमा लोकतन्त्रको स्थायित्व समावेशीता र प्रभावकारिताका लागि गणतन्त्र अत्यावश्यक छ। गणतन्त्रले जनतालाई शासनको केन्द्रमा राख्दै समानता स्वतन्त्रता र न्यायको सुनिश्चितता गर्दछ। यसले लोकतन्त्रलाई केवल सैद्धान्तिक अवधारणामा सीमित नराखी व्यवहारमा कार्यान्वयन गर्ने आधार प्रदान गर्दछ। लोकतन्त्रलाई सुधिर समृद्ध र जनमुखी बनाउन गणतन्त्रको संरक्षण र सशक्तीकरण नेपालको सन्दर्भमा पनि अपरिहार्य भएको छ।

(लेखक नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ)

# सुत्केरी मृत्यु प्रकरण: उच्चस्तरीय छानबिन समिति गठन हुने

**लक्ष्मी चौधरी**



जनकपुरधाम, १२ जेठ। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचाररत सुत्केरी महिलाको मृत्युपछि आइतबार उच्चस्तरीय छानबिन समिति गठन गर्ने निर्णय गरेको छ। शनिबार मधेश प्रदेश सरकार स्वास्थ्य तथा जनसंख्यामन्त्री जङ्गी लाल रायको अध्यक्षतामा भएको छलफलपछि सात दिनभित्र प्रतिवेदन बुझाउने गरी समिति गठन गर्ने निर्णय गरिएको प्रादेशिक अस्पताल जनकपुरधामका प्रवक्ता डा. रामज्ञान यादवले विज्ञप्ति जारी जानकारी दिनुभएको छ। निर्णय भएको दुई दिन हुँदा पनि समितिले पूर्णता पाएको छैन।

मधेश प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका जनस्वास्थ्य तथा नीति तर्जुमा महाशाखा प्रमुख डा. विपिनकुमार झाले उच्च स्तरीय छानबिन समितिको संयोजन डा. इन्द्रजित रजकलाई जानकारी दिएको र बाँकी सदस्यका बारेमा छलफल भइरहेको बताउनुभयो। प्रादेशिक अस्पताल जनकपुरधाममा उपचारका क्रममा २६ वर्षीय सुत्केरी अन्जिना यादवको मृत्युभएको थियो। धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१२ बस्ने राधेश्याम यादवकी पत्नी सुत्केरी अन्जिना यादवको सघन कक्षमा उपचारका क्रममा मृत्यु भएपछि परिवारजनले अस्पतालका चिकित्सकको लापर्बाहीका कारण मृत्यु भएको आरोप लगाएका छन्।

अन्जिनाका पति राधेश्यामले शल्यक्रियामा संलग्न चिकित्सक धीरेन्द्रकुमार साह र श्रेया लक्ष्मी साहको लापर्बाहीका कारण आफ्नो श्रीमतीको मृत्यु भएको आरोप लगाउनुभएको छ। मृतकका पति राधेश्यामले भन्नुभयो, "म आफ्नो पत्नीलाई पहिलो शल्यक्रियापछि भेट्न जाँदा मलाई बचाउनु यिनीहरूले मलाई मार्छन् भनेर गुहार लगाउनुभएको थियो तर दोस्रो शल्यक्रियापछि बोल्नु नै सक्नुभएन।" राधेश्यामका अनुसार जेठ ४ गते बिहान करिब ४ बजे प्रसव पीडापछि अन्जिनालाई अस्पताल ल्याइएको थियो। प्रारम्भिक जाँचपछि चिकित्सकले सामान्य सुत्केरी हुने बताएका थिए तर केही समयपछि आकस्मिक शल्यक्रिया गर्नुपर्ने अवस्था आएको थियो। शल्यक्रियामार्फत शिशुको जन्म गराइए पनि त्यसपछि अन्जिनामा अत्यधिक रक्तस्राव भएको चिकित्सकले भनेको पति राधेश्यामले बताउनुभयो।

उहाँले भन्नुभयो, "बच्चा निकालेको करिब तीन घण्टापछि चिकित्सकले अन्जिनाको ज्यान बचाउन पाठेघर निकाल्नुपर्ने भनेपछि हामीसँग सोच्ने समय नै थिएन। श्रीमतीको ज्यान जोगियोस् भनेर पाठेघर निकाल्न पनि सहमति दियौँ," तर दोस्रो शल्यक्रियापछि अन्जिनाको अवस्था झन् गम्भीर भएको भन्दै चिकित्सकले भेन्टिलेटरमा राखेका थिए। स्वास्थ्यमा सुधार आउन नसक्दा गत शुक्रबार अन्जिनाको मृत्यु भएको थियो। अन्जिनाको मृत्युको खबर थाहा पाएपछि परिवारजन अस्पताल प्रशासनविरुद्ध आन्दोलनमा उत्रिएका थिए। उनीहरूले घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही तथा शल्यक्रियामा संलग्न चिकित्सकलाई निलम्बन गर्न मागसमेत गरेका थिए। आन्दोलनपछि अस्पताल प्रशासन र पीडित परिवारबिच भएको छलफलमा उच्चस्तरीय छानबिन समिति गठन गर्ने, छानबिन नसकिएसम्म शल्यक्रियामा संलग्न चिकित्सक धीरेन्द्र साह र श्रेया लक्ष्मी साहलाई निलम्बन गर्ने तथा मृतकका अवस्था गम्भीर भएपछि अस्पताल प्रशासनका जिम्मेवार व्यक्ति मेडिकल सुपरिन्टेन्डेन्ट डा. जामुन सिंहले समेत लापर्बाही गरेको भन्दै उहाँमाथि पनि कारबाही प्रक्रिया अघि बढाउने विषय समेटिएको थियो।

तर दुई पक्षबिच भएको सहमतिविपरीत चिकित्सकले निलम्बनको विरोध गर्दै अस्पतालका सबै सेवा ठप्प पारेका थिए। उता अस्पताल प्रशासनको तर्फबाट प्रतिष्ठानका रेक्टर डा. रामनरेश पण्डितले भने अन्जिनाको अवस्था सुरुदेखि नै जटिल रहेको दाबी गर्नुभएको छ। सामान्य सुत्केरी हुने अनुमान गरिए पनि अचानक शल्यक्रिया गर्नुपर्ने अवस्था सिर्जना भएको थियो। मृतक अन्जिनाले गर्भावस्था अवधिभर कतै पनि चेकजाँच नगराएको हुँदा उहाँमा तत्काल देखिएका समस्याबारे चिकित्सकलाई जानकारी भएन। तत्पश्चात् पनि शल्यक्रियापछि रक्तस्राव नरोकिएपछि स्वास्थ्यकर्मीको टोलीले उपलब्ध सबै स्रोत साधन प्रयोग गरी उपचारको प्रयास गर्दा बिरामीलाई बचाउन नसकिएको डा. पण्डितले बताउनुभयो।

# चार महिनादेखि एन्टि रेबिज भ्याक्सिनको अभाव




सर्लाही, १२ जेठ। मधेश प्रदेशमा विगत चार महिनादेखि एन्टिरेबिज भ्याक्सिन (एआरभी) को अभाव रहेको छ। सरकारले मधेश प्रदेशका ४४ वटा अस्पताल तथा स्वास्थ्य संस्थालाई भ्याक्सिन उपलब्ध गराउने गरेको भए पनि फागुनदेखि कुनै पनि स्वास्थ्य संस्थामा भ्याक्सिन उपलब्ध छैन। सरकारी अस्पतालमा नि:शुल्क पाइने सो भ्याक्सिन अभाव भएपछि कुकुरले टोकेका बिरामी निजी स्वास्थ्य संस्थाबाट महँगोमा खरिद गरी भ्याक्सिन लगाउन बाध्य छन्।

लालबन्दी नगरपालिका-१६, परवानीपुरकी लक्ष्मी रायमाझीले आफ्ना ससुरालाई कुकुरले टोकेपछि भ्याक्सिन लगाउन सोमबार नगर अस्पताल लालबन्दी पुग्दा भ्याक्सिन नपाएपछि बाहिरको औषधी पसलबाट खरिद गरेर लगाउनु परेको गुनासो गर्नुभयो। बाहिर किन्दा एक डोज एन्टिरेबिज भ्याक्सिनलाई छ सयदेखि सात सय रुपियाँसम्म पर्छ।

नगर अस्पताल लालबन्दीका मेडिकल सुपरिन्टेन्डेन्ट डा. चन्दन चौधरीले एन्टिरेबिज भ्याक्सिनको प्राय: अभाव नै भइरहने गरेको बताउनुभयो। पछिल्लो समय गएको फागुनदेखि त भ्याक्सिनको आपूर्ति ठप्प रहेको मेसु डा. चौधरीको भनाइ छ। प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट भ्याक्सिन आउँदा नगर अस्पतालका लागि प्रतिमहिना १२० भाइल कोटा तोकिए पनि कम आउने गरेको र आएको भ्याक्सिन केही दिनभित्रै सकिने गरेको उहाँले बताउनुभयो। एन्टिरेबिज भ्याक्सिनका लागि मन्त्रालयमा पटक पटक पत्र लेखे पनि भ्याक्सिन नआएको मेसु डा. चौधरीले जानकारी दिनुभयो।

प्रादेशिक अस्पताल मलङ्गवाका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. रामप्रकाश साहले प्रदेशबाटै भ्याक्सिन नआउँदा बिरामीले अत्यधिक गुनासो गर्ने गरेको बताउनुभएको छ। उहाँले भन्नुभयो, "माथिबाटै भ्याक्सिन नआउँदा समस्या भइरहेको हुन्छ तर बिरामीलाई हामीले जानाजान भ्याक्सिन नलगाइदिएको जस्तो आक्रोश पोख्नुहुन्छ।" मधेश प्रदेशका ४४ वटा स्वास्थ्य संस्थामा मासिक सात हजार पाँच सय भाइल एन्टिरेबिज खोपको कोटा रहेको छ तर संघीय सरकारले कहिले दुई हजार, कहिले दुई हजार पाँच सय त कहिले पाँच हजार भाइल खोप पठाउने गरेको छ। कोटा अनुसारको भ्याक्सिन कहिलै पनि आउँदैन।

कोटाभन्दा आधा मात्र भ्याक्सिन आउँदा अभाव भइरहेको अवस्थामा गएको फागुनदेखि त संघबाटै भ्याक्सिन आपूर्ति हुन नसकेको हो। संघीय सरकारले प्रदेश सरकार र प्रदेश सरकारले अस्पतालमा भ्याक्सिन पठाउने प्रणाली रहेको छ। मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ मा एन्टिरेबिज भ्याक्सिनका लागि विनियोजन गरेको बजेटबाट खरिद गरिएको ७५९ भाइल खोप केही दिनमै सकिएको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरले जनाएको छ। केन्द्रका निमित्त निर्देशक डा. नागेन्द्रप्रसाद यादव संघबाट आपूर्ति नहुँदा मधेश प्रदेशभर नै एन्टिरेबिज भ्याक्सिन अभाव रहेको बताउनुहुन्छ। भ्याक्सिनका लागि मन्त्रालयमा बारम्बार ताकेता गरे पनि केन्द्रमा आपूर्तिकर्ताले नै आपूर्ति नगर्दा समस्या परेको उहाँले जानकारी दिनुभयो।

# दलित समुदायः संघर्ष, सीप र सम्मानको खोजी

**निरंजनकुमार साह**

धनुषा, १२ जेठ। मिथिलाको ऐतिहासिक र सांस्कृतिक केन्द्र मानिने यस धनुषा जिल्लामा दलित समुदायले पनि समाज निर्माणमा महत्वपूर्ण योगदान दिँदै आएका छन्। तर परम्परागत सामाजिक संरचना, आर्थिक अभाव र जातीय विभेदका कारण धनुषाका धेरै दलित समुदाय अझै विकासको मूलधारबाट पछाडि रहेका छन्।

धनुषामा मुख्य रूपमा डोम, चमार, पासवान, मुसहर, तत्मा, खत्वे, हलखोर, धोबीलगायत दलित समुदायको बसोबास रहेको छ। जनकपुरधाम उपमहानगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका, मिथिला नगरपालिका, सबैला नगरपालिका, गणेशमान चारनाथ नगरपालिका, कमला नगरपालिका तथा ग्रामीण क्षेत्रका विभिन्न बस्तीमा यी समुदायको वसोवास उल्लेख्य रहेको छ। जनकपुरधामको दक्षिण क्षेत्रमा बसोबास गर्दै आएका ६५ वर्षीय रामेश्वर महराले भन्नुभयो, "पहिला हाम्रो समुदायलाई समाजले हेर्ने दृष्टि धेरै फरक थियो, अहिले केही परिवर्तन आएको छ तर पूर्ण रूपमा समान व्यवहार अझै भएको छैन।" उहाँका अनुसार शिक्षाको पहुँच बढेपछि नयाँ पुस्तामा आत्मविश्वास बढेको छ।

धनुषाका दलित समुदाय परम्परागत रूपमा श्रम र सीपसँग जोडिएका छन्। चमार समुदाय छालाजन्य काम, जुत्ता निर्माण तथा कृषि मजदुरीमा संलग्न रहँदै आएका छ भने डोम समुदाय बाँसजन्य सामग्री निर्माण, बाजागाजा र विभिन्न सांस्कृतिक कार्यमा सक्रिय देखिन्छ। तत्मा समुदाय कपडा बुन्ने परम्परागत पेसासँग जोडिएको थियो तर आधुनिक बजार र उद्योगको विस्तारसँगै परम्परागत पेसा सङ्कटमा पर्दै गएको



राष्ट्रिय तत्मा समाजका अध्यक्ष रामअशिष दासले बताउनुहुन्छ। डोम समुदायका अगुवा इन्द्रजित मरिकका अनुसार अहिले धेरै युवाले परम्परागत पेसा छाडेर वैदेशिक रोजगारी रोज्न थालेका छन्।

धनुषाको मुसहर समुदायको अवस्था अझै चुनौतीपूर्ण देखिन्छ। जिल्लाको पूर्वी तथा दक्षिणी क्षेत्रका धेरै मुसहर बस्तीमा गरिबी, अशिक्षा र खाद्य असुरक्षाको समस्या गम्भीर छ। दैनिक ज्यालादारी मजदुरी गरेर जीवन चलाउने अधिकांश परिवारसँग पर्याप्त भूमि छैन। कतिपय परिवार अझै कच्ची घरमा बसोबास गर्न बाध्य छन्। आर्थिक अभावका कारण धेरै बालबालिका नियमित विद्यालय जान सक्दैनन्। सबैला नगरपालिका–१२ बर्कुवाका ५८ वर्षीय सत्यनारायण सादा भन्नुहुन्छ, "बच्चालाई विद्यालय पठाउन चाहन्छौँ, तर घर चलाउनै गाह्रो हुन्छ।"

शिक्षक महावीर दास दलित बालबालिकालाई विद्यालयमा टिकाइराख्न आर्थिक सहयोगसँगै सामाजिक वातावरण पनि आवश्यक रहेको बताउनुहुन्छ। "कतिपय बालबालिका विद्यालय पुग्छन्, तर घरको आर्थिक समस्याले पढाइ निरन्तर गर्न सक्दैनन्", उहाँले भन्नुभयो। दलित छात्राको अवस्था अझ संवेदनशील देखिन्छ। प्रारम्भिक शिक्षा पछि धेरै छात्रा घरेलु काम, बालविवाह र गरिबीका कारण अध्ययन छाड्न बाध्य हुने अवस्था रहेको महिला उहाँको भनाइ छ। जनकपुरधाम तथा सहरी क्षेत्रमा विद्यालय पहुँच बढेको छ, तर ग्रामीण क्षेत्रमा दलित विद्यार्थीको विद्यालय छाड्ने दर अझै उच्च रहेको इन्सेकका मधेस प्रदेश प्रमुख एवं मानव अधिकारकर्मी राजु पासवानले बताउनुहुन्छ।

धनुषामा दलित महिलामाथि हुने हिंसा र विभेदका घटना पनि समय–समयमा सार्वजनिक हुने गरेको छ। दलित महिला अधिकारकर्मी सुनिता राउत मेस्तरका अनुसार जातीय र लैङ्गिक विभेदको दोहोरो असर महिलाले भोगिरहेका छन्। "महिलाले घरभित्र पनि संघर्ष गर्नुपर्छ, समाजमा पनि", उहाँले भन्नुभयो। राजनीतिक क्षेत्रमा दलित समुदायको सहभागिता बढेको देखिए पनि निर्णय प्रक्रियामा प्रभावकारी भूमिका अझै कमजोर रहेको स्थानीय विश्लेषकहरू बताउँछन्। संविधानले स्थानीय तहमा दलित महिलाको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरेपछि धनुषाका विभिन्न पालिकामा दलित महिला जनप्रतिनिधि निर्वाचित भएका छन्।

धनुषामा अझै पनि जातीय विभेदका घटनाहरु पूर्णरूपमा अन्त्य हुन सकेका छैनन्। केही ग्रामीण क्षेत्रमा अन्तरजातीय विवाहलाई लिएर विवाद, सामाजिक बहिष्कार र तनाव हुने गरेको छ। यद्यपि युवा पुस्तामा जातीय सोच क्रमशः कमजोर हुँदै गएको सङ्केत पनि देखिन्छ। राष्ट्रिय मुसहर संघका अध्यक्ष चन्देश्वर सादाले सामाजिक सञ्जालले चेतना विस्तारमा भूमिका खेलेको बताउनुभयो। "पहिले दबाएर राखिने आवाज अहिले खुलेर उठ्न थालेको छ", उहाँले भन्नुभयो।

धनुषाका दलित समुदायको सांस्कृतिक योगदान पनि महत्वपूर्ण मानिन्छ। विवाह, धार्मिक उत्सव र मिथिला संस्कृतिसँग जोडिएका विभिन्न बाजागाजा तथा सांस्कृतिक परम्परामा दलित समुदायको विशेष भूमिका रहँदै आएको छ। डोम समुदायका कलाकार बिना मिथिलाका धेरै पारम्परिक संस्कार अधुरा मानिने स्थानीय संस्कृतिविद्हरू बताउँछ। जनकपुरधामका संस्कृतिविद् पूर्वरजिस्ट्रार सत्यनारायण साहका अनुसार मिथिला संस्कृतिको जीवन्त पक्षमा दलित समुदायको योगदान ऐतिहासिक छ। "समाजले उहाँहरूको श्रम प्रयोग गऱ्यो, तर सम्मान दिन कन्जुस्याइँ गऱ्यो", उहाँले भन्नुभयो।

स्वास्थ्य क्षेत्रमा पनि दलित बस्तीमा समस्या देखिन्छ। सरसफाइ, पोषण र स्वास्थ्य सेवामा पहुँच कमजोर हुँदा बालबालिका र महिलामा विभिन्न स्वास्थ्य समस्या बढी देखिने चिकित्सक वृजमोहन रजकले बताउनुहुन्छ। "केही ठाउँमा अझै स्वास्थ्य संस्था पुग्न कठिन अवस्था छ", उहाँले बताउनुभयो। दलित बस्तीमा स्वास्थ्य सचेतना कार्यक्रम अझ प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक छ।

सरकार तथा विभिन्न गैरसरकारी संस्थाले दलित समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिरहेका छन्। छात्रवृत्ति, सीपमूलक तालिम, महिला सशक्तीकरण तथा स्वरोजगार कार्यक्रम सञ्चालन भए पनि तिनको प्रभाव अपेक्षाअनुसार व्यापक हुन नसकेको स्थानीयवासी बताउँछन्। दलित अगुवा शम्भु महराका अनुसार वास्तविक परिवर्तनका लागि शिक्षा र आर्थिक सशक्तीकरणलाई प्राथमिकता दिनुपर्छ। "आरक्षणले केही अवसर दिएको छ, तर समुदायको ठूलो हिस्सा अझै पछाडि छ", उहाँले भन्नुभयो।

धनुषाका धेरै दलित युवा अहिले उच्च शिक्षा, पत्रकारिता, राजनीति, सङ्गीत, खेलकुद र सामाजिक अभियानमा सक्रिय हुन थालेका छन्। यसले समुदायमा नयाँ आशा जगाएको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ। जनकपुरधामकी छात्रा रञ्जिता सदा भन्छिन्, "हामीलाई अवसर चाहिएको हो, दया होइन।" कानुनी रूपमा छुवाछुत अन्त्य घोषणा गरिएको वर्षौं बितिसक्दा पनि मानसिकता परिवर्तनको गति सुस्त रहेको छ।

दलित समुदायको उत्थानका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि अधिकार र सम्मानजनक सामाजिक व्यवहारलाई एकसाथ अघि बढाउन आवश्यक छ। स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले लक्षित कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। मिथिलाको सांस्कृतिक धरोहरलाई जीवित राख्न योगदान दिने दलित समुदायलाई सम्मान, अवसर र समान अधिकार दिन सके मात्र समावेशी समाज निर्माणको सपना सार्थक हुने जानकारहरू बताउँछन्। पुरानो विभेदपूर्ण संरचनासँग संघर्ष गर्दै नयाँ पुस्ता शिक्षा, चेतना र अधिकारको बाटोमा अघि बढिरहेको छ। तर वास्तविक समानता स्थापित गर्न समाजको सोच, राज्यको नीति र व्यवहारिक कार्यान्वयनबीच समन्वयको खाँचो छ।

## दुर्गा प्रसाईंलाई ...

प्रसाईंलाई साधारण तारेखमा रिहा गर्न आदेश दिएको अदालत स्रोतले जनाएको छ। प्रसाईंविरुद्ध दर्ता मुद्दामाथिको सुनुवाइपछि अदालतले उनलाई थुनामा नराखी तारेखमा राखेर अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाउन आदेश दिएको हो।

जेठ ४ मा प्रहरीले उनलाई पर्साको वीरगन्जस्थित दियालो होटलबाट पक्राउ गरेको थियो। अदालतमा सोमबार मुद्दा दायर हुँदा उनीविरुद्ध विद्युतीय (इलेक्टोनिक) कारोबार ऐन २०६३ अन्तर्गतको कसुर र राज्य विरुद्धको कसुरमा सजाय हुनुपर्ने मागदावी लिइएको थियो। प्रसाईंले युट्युबमा महिलाहरूलाई लाञ्छना लगाएर अपशब्द बोलेको र राज्यका निकाय सेना र प्रहरीलाई होच्याउने अश्लील टिप्पणी गरेको अनुसन्धानमा संलग्न अधिकृतहरू बताउँछन्।

उनले एउटा युट्युब च्यानलसँग अन्तर्वार्ता दिँदै प्रधानमन्त्री बालेन्द्र शाह, रास्वपा सभापति रवि लामिछाने, पूर्वमन्त्री कुलमान घिसिङ र सांसद हर्क साम्पाङलाई चलाउने 'एउटै टिम' भएको जिकिर गरेका थिए। हिन्दुराष्ट्र र राजतन्त्र पुनर्स्थापना गर्न तयार भए बालेन्द्र शाहको फोटो घरमा राख्ने पनि उनले उल्लेख गरेका थिए। त्यस्तै सेना र प्रहरीका आईजीपी दानबहादुर कार्कीले सार्वजनिक गरेको गीतबारे पनि प्रसाईंले अश्लील टिप्पणी गरेको आरोप उनीमाथि छ। यसैबिच अदालतको आदेशलगत्तै प्रसाई रिहा भएका छन्।

# वीरगगञ्ज महानगरका मेयर राजेशमान सिंहविरूद्ध पक्राउ पुर्जी जारी



वीरगगञ्ज, १२ जेठ। लिखत सम्बन्धी कसुरमा वीरगगञ्ज महानगरका मेयर राजेशमान सिंहविरूद्ध पक्राउ पुर्जी जारी भएको छ। जिल्ला अदालत पर्साले आज मेयर सिंहविरूद्ध पुर्जी जारी गरेको हो। जिल्ला अदालत पर्साका श्रेस्तेदार प्रभाकर मल्लिकले अदालतले मेयर सिंहविरूद्ध लिखत सम्बन्धी कसुरमा पक्राउ पुर्जी जारी गरेको पुष्टि गरे।

उनका अनुसार मेयर सिंहविरूद्ध चार वटा मुद्दा परेको थियो, तर लिखत सम्बन्धी कसुरमा पक्राउ जारी गरेको हो। लिखत सम्बन्धी कसुरमा अनुसूची (२२) अनुसार पक्राउ पुर्जी जारी भएको हो। वीरगञ्जका स्थानीय लियाकत अलीको जाहेरी अनुसार लिखत सम्बन्धी कसुरमा पक्राउ गर्न अदालतले अनुमति दिएको जिल्ला अदालत पर्साले जानकारी दिएको छ। मेयर सिंहले नक्कली कागजातको आधारमा अरूको छोरीलाई आफ्नो छोरी बनाइ नागरिकता जारी गराएको जाहेरी परेको थियो। सोही आधारमा अदालतले पक्राउ पुर्जी जारी गरेको हो।

# धनुषाका विभिन्न स्थानबाट १४ लाखको अवैध सामान बरामद

धनुषा, १२ जेठ। सशस्त्र प्रहरी बलले धनुषाका विभिन्न स्थानबाट रु१४ लाख बराबरको अवैध सामान बरामद गरेको छ। सशस्त्र प्रहरी उपरीक्षक भीम विष्टका अनुसार जिल्लाका सीमावर्ती तथा विभिन्न क्षेत्रमा सञ्चालन गरिएको विशेष निगरानी तथा जाँच अभियानका क्रममा सो सरसामान बरामद गरिएको हो। बरामद गरिएका सामग्रीमा कपडाजन्य वस्तु, किराना सामान तथा अन्य दैनिक उपभोग्य सामग्री रहेको जानकारी दिए।

भारतबाट भन्सार छली गरी नेपाल भित्र्याइएको आशङ्कामा ती सामग्री नियन्त्रणमा लिइएको सशस्त्र प्रहरीले जनाएको छ। सशस्त्र प्रहरी र सम्बन्धित निकायको संयुक्त टोलीले विभिन्न स्थानमा छापा तथा निगरानी बढाएपछि अवैध रूपमा भित्र्याइएका सामग्री फेला परेको जनाइएको छ। बरामद गरिएका सामान आवश्यक कारबाही तथा राजस्व अनुसन्धानका लागि सम्बन्धित भन्सार कार्यालयमा बुझाइने सशस्त्र प्रहरी उपरीक्षक विष्टले जानकारी दिए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

हिंसाले भत्काउछ सम्बन्ध सारा, मायाले जोडछ परिवार सारा।
आदर बढाऔं, रिस घटाऔं, महिला हिंसा रहित
सुन्दर परिवार बनाऔं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)